CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तिनाथ दर्शन



धर्मराज थापा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तिनाथ दर्शन

काठमाण्डू स्थित भारतीय राजदूतावास
को सौजन्य बाट सप्रेम भेंट
(नेपाल)
With the Compliments of the
Embassy of India in Nepal
Kathmandu

धर्मराज थापा
(जनकविकेशरी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक : श्री शुक्ला साहित्य समिति, वाटुले चौर, पोखरा
संस्करण : प्रथम, वि. सं. २०४७ रामनवमी
संख्या : ११००
मूल्य : रु. २०।–
मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक

29424

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तिनाथ मन्दिर



धर्मपत्नीका साथमा धर्मराज थापा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्पण

यो दिव्य मुक्तिमार्गमा हिंडाउने
उनै मुक्तिनाथलाई !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ-कामना

श्री धर्मराज थापाका गीतबाट नेपाली जनता सबै परिचित छन् । जनतालाई राष्ट्रिय जागरणको चेतना भर्दै, सामाजिक अँध्यारो बढार्दै आफ्नो बाटो उज्यालो पार्दै जाने सिलसिलामा २००७ सालको टुँडीखेल (हालको रंगशाला) मा नेपाली कांग्रेसको प्रथम आमसभामा उहाँले मन्चबाट घन्काउनु भएको गीतको पंक्ति अझसम्म मलाई सम्झना छ :–

"धुरूधुरू नरोऊ आमा तिम्रो आँसु पुछ्ने छाडौंला...."

उहाँले मुक्तिक्षेत्रको यात्रा गरी तयार पार्नुभएको 'मुक्तिनाथ दर्शन' भन्ने पुस्तिका मैले हेरें । यसभित्र स्थानीय हिमाली काली खोंच वरिपरिको प्राकृतिक सौन्दर्यको वर्णन रोचक एवं सरल ढंगले गरिएको छ । साथै मुक्तिनाथ के हुन् र तिनको धार्मिक महत्त्व कस्तो छ भन्ने विषयमा ऐतिहासिक अन्वेषण-समेतको गहनता यस पुस्तक पढेपछि ज्ञान हुन्छ ।

यस्तो स्थितिमा आध्यात्मिक भावनाको कविताले सबैलाई आनन्द दिनेछ भन्ने विश्वाससहित जनकविकेशरी थापाको परिश्रमप्रति प्रशंसा गर्दै उहाँलाई बधाई दिन्छु ।

जय नेपाल !

२०४७।११।२८

प्रधान मन्त्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्मति

१. जनकविकेसरी श्री धर्मराज थापा आफ्ना कृतिहरूबाट नेपाली समाजमा चिरपरिचित हुनुहुन्छ । म उहाँलाई धेरै अघिदेखि जान्दछु। उहाँ काठमाडौं ठमेलमा श्री सुवेदार साहेबको घरमा बस्नुहुन्थ्यो। उहाँका घरपति आमा माहिली भाउज्यू थिइन्। उनका सन्तान थिएनन्, घरमा बस्नेलाई र हामी ठिटाठिटीलाई माहिली भाउज्यू दम्पती मीठा, मिजासिला र रसिला थिए । उहाँ बस्नुभएको त्यो डङ्गोल परिवारको घरसँगै हाम्रो घर जोडिएको थियो। हाम्रो घरको बारदलीबाट उहाँ बस्नुभएको घर–कोठा स्पष्ट देखिन्थ्यो । म त्यो बेला विद्यालयको पढाइ सकेर महाविद्यालयको दर्शन-शास्त्रको अध्ययनमा लागेको थिएँ । म अरूसँग धेरै न हेलिने, आफैंमा बढी लाग्ने खालको थिएँ । उहाँ धर्मराजज्यू जागीरे हुनुहुन्थ्यो, गोरखापत्र कार्यालयमा हो कि क्या । उहाँ भक्खरको भरीलो ठिटो, ठाँटी, मीठो, मिलनसार, यताउति टाउको घुमाउँदै, तलमाथि-वरपर आँखा नचाउँदै हिंड्ने, रमाइलो, मिजासिलो, मजाको मानिस । हामी टोले छिमेकीहरू उहाँलाई राम्रो मान्थ्यौं । म अझसम्म पनि उहाँलाई त्यस्तै मजाको मान्छु, यप अत्यन्त सफल लोककवि तथा देशभक्त सपूत मान्छु ।

२. १९९७ साल गइसकेको थियो, २००७ साल आइपुगेको थिएन यो अन्तरालका दश वर्ष काठमाडौंको परिस्थिति कस्तो-कस्तो असजिलो, गुम्सिएको; बाहिरबाहिर धुम्मिएको, भित्रभित्र सल्किएको; कोही न कोहीलाई मनको कुरो पोखौं पोखौं जस्तो, तर कसैलाई केही भन्न हुँदै हुन्न जस्तो– अनिर्वचनीय थियो । यो पर्यावरणले धेरै धेरै नेपालीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यञ्जनाको भाषा बोल्न लगायो। मलाई लाग्छ– श्री धर्मराज थापाज्यूको कवि यस्तै यस्तै बेलाको एक गतिलो उपज हो ।

३. २००७ साल फागुन ७ गतेलाई पाएपछि थापाज्यूका जनकविता उर्लेर आउन थाले। राजनीतिक मञ्चहरूमा थापाज्यूका कण्ठवाट निस्केका लोकलयका गीतले पनि जनतालाई आकर्षित गर्न थाले, उपस्थित जनसमूह मात्र हैन स्वयं नेताहरू धर्मराजज्यूका गीत सुनेर मुग्ध हुन्थे । "धुरूधुरू नरोऊ आमा" जस्ता उहाँका गीतहरू बाल वनिताका पनि कण्ठकण्ठवाट घन्किन लागे । थापाज्यूका देशभक्तिले परिपूर्ण, सरल, सरस, लोकशैलीका गैय कविताले राजादेखि रङ्कसम्मको मन जित्यो । उहाँका कण्ठवाट निस्केका मीठा गेय कविताले समग्र नेपाललाई मुग्ध बनायो । यत्रतत्र उहाँको प्रशंसा हुन्थ्यो । यही स्थितिमा श्री धर्मराज थापा "जनकविकेसरी" भन्ने उपाधिबाट सम्मानित हुनुभो । धर्मराज थापाज्यूको महत्त्व बुझ्न त्यतातिर नफर्की सकिदैन । लोकगीतको क्षेत्रमा धर्मराज थापाज्यूले धेरै धेरै प्रशंसनीय काम गर्नुभएको छ । नेपाली लोकसाहित्यतर्फ दृष्टि फर्काइदिने काममा धर्मराज थापाज्यूको अत्यन्त उल्लेखनीय भूमिका छ भन्ने मलाई लाग्छ ।

४. बूढो भएर पनि लोकलयका कृतिहरू दिइरहने काममा जनकविकेसरी श्री धर्मराज थापाज्यूको जाँगर र उत्साह 'मुक्तिनाथ दर्शन' भन्ने यो पुस्तिकाले स्पष्ट गरेको छ । भगवान्ले उहाँलाई कल्याणमय दीर्घायु प्रदान गरून्, नेपाली साहित्यले उहाँबाट नयाँ नयाँ कृतिहरू प्राप्त गरिरहोस् भन्ने शुभ आशीर्वाद दिन्छु। शुभम्

२०४७ फागुन पूर्णिमा

सम्माननीय बडागुरुज्यू

प्रा. अम्बिकाप्रसाद अधिकारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुन मन्दिरमा जान्छौ यात्री
कुन मन्दिरमा जाने हो ?
कुन सामग्री पूजा गर्ने
साथ कसोरी लाने हो ?

– लक्ष्मीप्रसाद देवकोटा

मैले भन्नुपर्ने कुरा

नेपालको पश्चिमाञ्चलभित्र धौलागिरि अञ्चलको प्राकृतिक एवं धार्मिक महत्त्व गाथा विश्वप्रसिद्ध छ । म्याग्दी जिल्ला यसैभित्र पर्दछ । बिनी राखु पुलादेखि कालीगण्डकीको तीरैतीर विश्वको सबैभन्दा ठूलो खोंच हिंड्दै जाँदा आठौं वासमा मुस्ताङको मोन्खर दरबार लोमनथाङ पुगिन्छ ।

पोखरादेखि पैदल हिंडेका पाँचौं दिनमा मुक्तिनाथ पुग्न सकिन्छ । पहिलेको झुम्सा भन्ने गाउँ हालसाल मुस्ताङ जिल्लाको सदरमुकाम भए-पछि त्यसले जोमसोम भन्ने नामले प्रसिद्धि पाएको हो ।

पोखराको विमानघाटदेखि हवाईमार्गबाट उडेर जाँदा केवल पच्चीसै मिनेटमा जोमसोममा ओर्लिन सकिन्छ । जोमसोमबाट पैदलयात्रा गर्दै जाने यात्रीहरू ६ घण्टामा नै मुक्तिनाथस्थानमा पुग्न सक्छन् । मुक्तिनाथ साडे बाह्र हजार फीटको उचाइमा छ भने कागबेनी नौ हजार फीट तल छ ।

लेते, घाँसा, दाना, टुकुचे, मार्फा, झुम्सा, ठिनी, कागबेनी, घमी, चाराङ, लोमनथाङको जनघनत्व भएका गाउँहरू कालीगण्डकीका वारिपारि दुर्गम हिमशिखरका काखमा देखिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती गाउँहरू हिमाली प्राकृतिक सौन्दर्यले चम्केका छन्। हिउँले बाह्रै मास ढाकिएका शिखरको सौन्दर्य स्वर्गको झल्का, त्यो खोंचमा कालीसित बयेली खेल्दै गरेको देखिन्छ। यो खोंच शिखरको गर्भमा अनेकौं रत्न धातुको खनिज लुकेको छ। उत्तरीय तीर्थको यो पहाड मुक्तिक्षेत्रको मणि-मुकुट हो भन्नुमा कुनै आश्चर्य हुँदैन। यहीं सप्तर्षिहरूले टेकेर आएका लठ्ठीदेखि मुजुराएका भोटेपीपलका वृक्षहरू छन्। यहीं काकभुसुण्डीले तपस्या गरेको काकवेणी (कागबेनी) तीर्थ छ। यहीं दामोदरकुण्डको मूल कालीगण्डकी र मन्दाकिनी (पातालगंगा) बनेर बगेका छन्। ज्वालामाई-को रूपमा आफैं शिव प्रकट भएको कुरा महाकवि व्यासले पौराणिक ग्रन्थपुराणहरूमा लेखेर छाडेका छन्।

यहीं पानीको मुल्को फुटेर शालिग्रामस्वरूप विष्णु भगवान् मुक्तिनाथ-को रूपमा उत्पन्न हुनुभएको प्रत्यक्ष देख्न सकिन्छ। आगो र पानी एकअर्का-का शत्रु भए तापनि शिवविष्णु दुइटै अङ्कमाल गरी हरिहर बनेका छन्। अर्थात् 'हरि' भनेका विष्णुरूपी मुक्तिनाथ र 'हर' भनेका शिवरूपी ज्वालामाई (बौद्धगम्पा) यहाँ एकजीउ भएको देख्न पाइन्छ।

स्वर्गीय प्रसिद्ध नाटककार बालकृष्ण समज्यूको 'आगो र पानी' ग्रन्थ पढ्दा पनि ज्ञानविज्ञानकै प्रतिरूप शिव र विष्णु (बुद्ध) हरूकै दर्शन दर्शिएको पाइन्छ।

लोकगीतको दीपशिखालाई निम्न नदिई जगाउँदै लैजाने अभियानमा २०१७ सालको माघमा मैले रिडी मा. वि. मा एउटा गीत गाएको थिएँ:—

"संझे है फेरि पनि आउँला म कालीगण्डकीमा शालिग्राम बन्नलाई"

अहिलेको यात्राले त्यतिखेरको संझनालाई झलक्क याद दिलाउँछ, हिउँले ढाकेको यी नाँगा पहाडहरूभित्र छरिएका शालिग्राम देखेर होला।

कतैतिर आफ्नो माँछीकाढे हिउँ टाकुरालाई हीरामोती, जुहारका मुकुट पैंह्राइदिंदै नेपाली गौरवको उचाइमाथि उचाइ थपिदिएका छन्। कतै हीरामोतीका खातमा मणि झल्किएसरी शिखरको मुखाकृति मुस्कुराइ-रहेको, कतै सुन्दर इन्द्रेणीले लुकामारी खेलेको धूपीको वनकुञ्ज छ। कतै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चराचुरुङ्गीका राजारानी तुल्य डाँफेमुनाल डुल्छन् ! रूपौला हंस, सुनौला पुतली नाच्छन् । विचित्र छ प्रकृतिको खेल !

कतै तामे नल फलामे फलको सुर्केबारी छ । अमीर घरानाका छोरा बुहारीहरू मान्यजनका सम्मुख झुके झैं स्याउ र आरू फलेफुलेका हाँगामा झुक्तै अतिथि-अभ्यागतका स्वागत-सत्कारमा समर्पित भएका देखिन्छन् ।

कतै टिमुर घारी छ । कतै हिमाली पखेरामा जिम्मुको सुगन्ध उडेको छ । यात्रीलाई प्राकृतिक हरियालीले मनोरञ्जन गरिरहेकै छन् ।

मेथी र मुला, चंसुर, धनियाँ, ज्यामिरजत्रा आलु-खेतीको फसल छ। ठूला-ठूला पाटनमाथि साना-साना ऐना झैं स्वर्गका कुण्ड झल्कन्छन् । त्यहाँ ठूला-साना चट्टाने ढुङ्गा हिउँले खाएका मैदानमा छरपष्ट हुँदै छरिएका छन् । मसिनु र खस्रो सुनौला माटाको ढिस्को मन्दिरको रूपमा हीराको गजुर झल्काउँदै ठडिए झैं लाग्छ । ती ढिस्काभित्रका र बाहिरका ढुङ्गाहरू नीला, काला, राता, सेता रङ्गले झलिकदा छन् । फट्किरी र गन्धकको गन्ध आइरहेझैं लाग्छ । पानी नूनको स्वाद पनि आउँछ ।

"भावनाको लहरमा लहरी लहरी यो मरुस्थलमा आएँ कसरी ?"

भन्ने युगकवि सिद्धिचरण श्रेष्ठको कविता झैं कही यो कालीगङ्गाको खोंच मरुस्थल बन्न पुगेको त हैन ? भन्नु अप्ठ्यारो लाग्दैन ।

बोलौं कोसँग ? आफ्नै मनसित । "तँलाई मालुम् छ कि यो कुरा भन !" भन्ने कविशिरोमणिको बुद्धि-विनोद जस्तो पहाडको पत्र पल्टाउन मन लाग्छ । चूपचाप मुक्तिक्षेत्रको धार्मिक पन्थको ईश्वरीय सिर्जनालाई गीत-का तरङ्गहरूमा प्रवाहित पार्दै रस लिन उडेका भ्रमरा झैं भुन्भुनाउँदै हिंड्नु मात्र मेरो काम थियो । हात गोडा र छालाका आँखाले बाहिरी रूपरङ्गसँग संघर्ष गरिरहेका थिए । किन्तु मनको भ्रमरो भने दिव्य मुक्तिसङ्गीतको सुर-तालको संसारमा यात्रा गरिहेकै हुन्थ्यो ।

छाडौं भने माया लाग्ने लँजाउँ भने फाँसो
मुस्कुराउँछिन् सेतू–रानी एकान्तमा हाँसो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज यहाँ वैष्णव तीर्थस्थल र बौद्ध तीर्थस्थल संगममा मुक्तिक्षेत्र सनातन शैव र वैष्णव धर्मकै समन्वयको रूपमा रहेकाले महत्त्वपूर्ण तीर्थको रूपमा मुक्तिनाथ लौकिक जीवनलाई मुक्ति दिने आराध्यदेव हुँदै प्रतिष्ठापित छन् ।

केवल आफ्नै मुक्तिनाथको दर्शन गर्ने भक्तिभावनामा मेरो साथ हिंडिरहेकी मेरी सेतू (सावित्री) थिइन् । उनलाई मधुमेह रोगले चुसेर औषधिसेवन गर्दा पनि ज्यानमा रगत भरिन सकेको थिएन । मुक्तिनाथको दर्शन नगरी त्यसै रातो माटाको मट्केल्नोले पुरिएका स्वास्नीमानिसहरू झैं मरिने पो हो कि भन्ने झस्कोले उनी बिरामी भएकी भए पनि केही सञ्चो भएको अनुभव गर्दै मेरो पछि पछि हिंडिरहेकी थिइन् । उनी थिइन् म भन्दा ३ वर्ष कान्छी । बालककालमा उनका बुबाले पियारो गरी बोलाउने नाम राखेका थिए–'सेतू' ।

दुवै जना जोमसोमदेखि हवाईजहाजबाट उत्रेर एक्कै क्षण झुम्सामा स्याउ किनेर तिनै स्याउ टोक्दै तातो पानी पिउँदै कालीगङ्गाको किनारैकिनार कागबेनीतिर लागेका थियौं ।

उनका तीन बीस पार गरेका वर्षहरूले काला केशलाई सुनौला बनाइसकेका थिए । पहेंला बान्की परेका नम्बरी सुन जस्ता गालाका दुवै पाटा रस सुकेका स्याउ जस्ता चाउरी परिसकेका थिए । तीनवटा छोरा र दुइटी छोरीलाई दूध चुसाउँदा र तिनको लालन-पालन, शिक्षा-दीक्षाको गृहभारको मारले उनको ढाड बाँस झैं कुप्रिन शुरू भैसकेको थियो । कुकुर डाइनाको लट्ठी टेकेर उकाली-ओह्रालीमा ओठ मुख सुकाउँदै कालीको हुरीमा मेरो साथ हुरिइरहेकी थिइन् ।

म अलि लहडी तालको भावुक मान्छे, उनी थिइन् गम्भीर स्वभावकी कट्टर गृहिणी । हिंड्दा-हिंड्दै मेरा सम्मुख ऐतिहासिक कुनै लोकसांस्कृतिक उपेक्षित ठाउँथलो, बान्नो, चौतारो, मन्दिर र गुम्बा, टुटेफुटेका मूर्ति र कुँदेका अक्षरयुक्त पत्थरहरू देखिए भने कापी झिकेर कलमले कोर्ने पर्दथ्यो । मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो अल्लारे बानी उनलाई पटक्कै मन पर्दैनथ्यो किनभने मैले थपक्कै वसेर लेख्नै पर्दथ्यो, उनी सरासर हिंड्नै पर्थ्यो । निर्जन ठाउँमा एक्लै हिंड्दा नारी-हृदय भयातुर हुनु स्वाभाविकै थियो ।

मेरो यस प्रकारको अन्वेषणात्मक बानी अहिलेको हैन, पहिलेदेखिकै हो । सम्भवतः ०९७ सालदेखि प्रजातन्त्रका क्रान्तिकारी गीतहरू गाउँदादेखिकै थियो । मलाई नेपाल राष्ट्रका सम्पूर्ण सानाठूला जनताले आ-आफ्नो सोचाइ-अनुसार चिनेकै थिए भन्नुमा सङ्कोच लाग्दैन ।

बाटोमा भेट हुनेजतिले 'कविजी, कता ?' भन्दा मैले जवाफ दिन्थें—'म पनि तेतै हो' भन्दै ।

"बैनी कस्मा पिएती जस्मा, दाइ कस्मा म पनि उसैमा" भने झैं ।

यो यात्रामा पोखराको विमानघाटदेखि मुक्तिनाथको दर्शन गरी फर्किंदासम्मका बाटामा भेट भएका प्रिय साथीहरूमा मुक्तिप्रसाद जोशी र उहाँकी धर्मपत्नी मायादेवी, भरतमान र गङ्गादेवी श्रेष्ठ मुख्य थिए र बीच-बीचमा हामीहरूको फोटोहरू पनि खिचिदिन्थे । मुक्तिले मलाई 'बाबा' भनेर बोलाउने गर्दथे ।

भरतमानले आफ्नी दुलहीलाई 'ए काली !' भनेर डाक्तथे । गङ्गाले पनि 'ओ हाकू !' भनेर श्रीमान्लाई बोलाउँथिन् । ती दुवै जनाको गाढा प्रेम-प्रीतिको रसिलो हँसिलो कुराकानी हामीलाई रमाइलो लाग्थ्यो ।

कालीगङ्गाका साना-साना दुवाली पनि तेजिला र फुर्तिला जन-क्रान्तिले ल्याएको नवप्रजातन्त्रका क्रान्तिकारी नवउन्मुक्त तन्नेरी र तरुनीका झैं बिजुलीवान् गतिमा बगिरहेका जस्ता देखिन्थे । ती छिहिराहरू एक्लै तर्दा पनि बगाउँछन् कि भन्ने हामीलाई डर पैदा हुन्थ्यो ।

हिंड्दा-हिंड्दै घाम पनि छार्का भोटतिर डुबे । कागबेनीसित पनि जम्काभेट भयो । पानीको जलधारा खसेका बिजुली बत्ती बलेको सत्र सय जति घरधुरी भएको कागबेनी रहेछ । घ्याङघ्याङमा च्याङ्ग्रा-भेडा खर्किए झैं मुक्तिनाथका यात्रीहरू कोही धूलामा, कोही दुलामा कोच्चिएर पल्टिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए। बास खोज्दै जाँदा हामीले छिरिङ धोर्जे गुरुङको धौलागिरि लज फेला पार्यौं। त्यहींभित्र पर्यौं।

लजभित्र लमजुङका मेरा मित्र भीष्मकान्त अधिकारी आफ्ना परिवार-का साथ आफैंले भातभान्छा तयार पारी बसेका भेट्टिए।

छिरिङ धोर्जेको चूल्हो कताको जूठो कताको चोखो, कताको तागाधारी, कताको मतवाली सबै गाजेमाजे गोर्खाराजे भैरहेको देखियो। अब हामी दुवै बूढाबूढी थकाइले गर्दा भात पकाएर खान नसक्ने स्थितिमा थियौं। हामी दुवैको यस्तो असमर्थता देखेर हो कि भीष्मकान्तजीको 'कविजी, यहाँहरू दुवै जना भान्छा गर्न पाल्नुस्, हामीले भात र तरकारी पकाएका छौं' भन्ने अनुरोध आयो। अनुरोधलाई मैले टार्न सकिनँ। हिंडाइको थकान, कागवेनीको ठण्डी याम, भोक मीठो भयो।

भोलिपल्ट ब्रह्ममुहूर्त (मिर्मिरे) मा उठेर कागवेनी तीर्थमा पितृश्राँसी स्नान सकेर श्राद्ध गर्यौं। पिण्ड-तर्पणको कर्म सकेर सबै यात्रीहरू उकालो लागे। हामी पनि पौने ५ बजे उकालो चढ्यौं। उकालोमा तनहुँ सुकौराका मेरा मित्र श्रीप्रसाद भट्टराई र उहाँकी धर्मपत्नी वदनादेवीसँग भेट भयो। कुराकानी गर्दै हामी मुक्तिनाथ मन्दिरमा पुग्यौं। १०८ गौमुखे-धाराको स्नान सकेर, मुक्तिनाथको पूजा दर्शन-स्पर्शन गरी त्यो रात मुक्तिनाथकै काखमा बितायौं।

यो सानो ऐतिहासिक गीतिकाव्यभित्र त्रुटि त अवश्य होलान् साथै भूल हुन गएका कुराहरूमा विज्ञ पाठकवर्गले सच्चाई पढिदिनुहुनेछ।

यसभित्र लोकगीत लयका तीन छन्द परेका छन्। छन्द लयात्मक हुँदै वगेको छ। मौलिकताको प्रवाहलाई व्याकरणको चट्टानमाथि ठेसठक्कर लाग्नबाट बचाइएको छ।

'मुक्तिक्षेत्र'का अनुसन्धाता श्री शारदाप्रसाद दाहालज्यू र 'मुस्ताङ सन्देश' का कर्मचारीहरूप्रति आभारी रहेको छु। 'मुक्तिक्षेत्र' र 'मुस्ताङ सन्देश' यी दुवै ग्रन्थ यस काव्यसिर्जनाका सहायक भएका छन्। यी दुवै पुस्तक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जोमसोममा उपलब्ध गराइदिनुहुने एल. डी. ओ. श्री कृष्णप्रसाद भण्डारीज्यू-प्रति पनि आभारी छु।

दामोदरकुण्डबारे केही जानकारी दिनुहुने प्रहरी कस्टेवल श्री ऋषि-हरि घिमिरेप्रति कृतज्ञता ज्ञापन गर्दछु। सुबेदार श्री हर्कबहादुर खत्रीले ठिनी गाउँ भ्रमण गराइदिनुभएको र जिल्ला प्रमुख अधिकारीज्यूबाट घोडा उपलब्ध गराइदिनुभएकोमा म कदर गर्दछु।

यात्राक्रममा श्री मुक्तिप्रसाद जोशी र श्री भरतमानका युगल जोडीहरूले जुन फोटो सहयोग गरी गुन लगाउनुभयो त्यो गुणको म ग्राह्य छु।

यस गीतिकाव्य 'मुक्तिनाथ दर्शन'को प्रकाशक श्री शुक्ला साहित्य समिति बाटुलेचौर, पोखराप्रति आभारी छु।

'मुक्तिनाथ दर्शन'लाई बढी अध्ययन-मनन गर्नुमै आफ्नो अमूल्य सम्मति लेखिदिनुहुने सम्माननीय बडागुरूज्यू प्रा. अम्बिकाप्रसाद अधिकारीज्यू-प्रति सधैं कृतकृत्य रहनेछु।

नेपालमा लोकप्रिय सम्माननीय प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईज्यूबाट शुभकामना लेखिदिनुभएकोमा श्रद्धापूर्वक आभार प्रकट गर्दछु।

— धर्मराज थापा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकको भनाइ

अघि पनि श्री शुक्ला साहित्य समिति बाटुले चौर, पोखराले कवि-शिरोमणिको सम्बन्धमा विशिष्ट कविलेखकहरूबाट लेखनाथ शतवार्षिकी स्मारिकाको प्रकाशन गर्ने सौभाग्य पाएको हो । अहिले हाम्रा यसै साहित्य समितिका अध्यक्षज्यू र उहाँकी श्रीमती सावित्रा थापाले दुर्गम क्षेत्र मुक्तिनाथको यात्रा २०४७ आश्विन १ गतेदेखि प्रारम्भ गर्नु भएको थियो र उक्त धार्मिक यात्राका सम्बन्धमा उहाँले देखेभेटेजानेबुझेसम्मका 'कालीका लहर' गीतिका-व्यमा छुट भएका त्यसवरिपरिका भौगोलिक सौन्दर्यको सांस्कृतिक गरिमाहरू बोकेर मुक्तिनाथ कसरी प्रादुर्भाव भए र उनले कसरी मुक्ति पाएर मुक्तिदिने दाता भए भन्ने विषयमा खोज-अन्वेषणहरू यस 'मुक्तिनाथ-दर्शन' गीतिकाव्यमा सरल, मिठो र आपनै मात्रिक छन्दमा गुँथेर तयार पार्नुभएको पाठकका समक्ष प्रकाशनको रूपमा राखिदिने यस साहित्य समितिले जमर्को गरेको छ । यस पुस्तकको अध्ययनबाट मुक्तिनाथका यात्रीगणलाई प्रोत्साहन र पुण्य मिल्ने आशा राखेका छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तिनाथ-दर्शन

(पहिलो अध्याय)

नरलाई मुक्तिदिने मुक्तिनारायण
दर्शन गर्ने साविन्नाको इच्छा पुऱ्याउन
ग्राम्य नारी बोक्तै भारी वीरेठाँटी पारि
लागिसके पश्चिम–पाखो उल्लेरीको वारि ।

(१)

लालीगुराँस नै फुल्छ चैत लागेपछि
देख्न सुन्न पाइँदैन रुऊदै घर बसी
धेरै गए लाख-सय मुक्तिक्षेत्र धाम
त्यतातिर लैजानेमा सेतूको भो काम ।

(२)

पत्नी-इच्छा पुऱ्याउनु मुख्य धर्म ठानी
दोस्रो यात्रा मुक्तिनाथ थालें मैले पनि
मेटिदिन्छन् धर्म गरे मुक्तिनाथ पाप
सौन्दर्यको रस वर्षा गर्छ उन्को गाथ ।

(३)

सांस्कृतिक महत्त्वको गरिमा नै बोकी
मुक्तिनाथ बसेका छन् पद्मासन ठोकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाह्र हजार् फिट अग्लो हिमशैल काख
तीर्थवासी अभिलाषी पुगे कैयौं लाख

(४)

हिन्दूका ती देवता हुन् मुक्तिनाथ भनी
हिमालय गर्भदेखि निस्के स्वर्ण बनी
आफैं धर्ती आफैं पानी आफैं हरिहर
पानी माथि ज्योति बाली हिंड्छन् सरासर ।

(५)

यो वर्षको बडा दशैं असोजको जात्रा
एक गते सोमबार गर्दै शुभयात्रा
धूप दीप चामल र नरिवल जटा
पाट पीताम्बर भेटी बोकी हिंड्यौं उता ।

(६)

आपनो झोला आफैं बोकी मुक्तिनाथसम्म
जो चाहिने बाटो खर्च लिई हिंड्यौं टम्म
पोखरा र जोमसोम सजिलो छ जान
विमानको टिकट ली चढ्यौं वायुयान

(७)

भूईं छाडी विमान ता घुस्यो मेघ भित्र
तल थियो कपास झैं माथि नीलो चित्र
माछापुछ्रे बन्दै ढल्क्यो फेवाताले माछो
देखेको त लेख्नै पन्यो दृश्य थियो साँचो ।

(८)

दम्पतीको पुण्य गर्ने यात्रा जस्तो कर्म
यो विश्वमा कुनै छैन अर्को ठूलो धर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बैदामे ताल नाच्तै घुम्छ सराङ्कोट तल
पाखा प्रति डाँडा जति सबै झलमल ।

(९)

नागबेली टल्के खोला चुल्ठी लर्के जस्तै
जङ्गलको मङ्गलमा झर्ने छाँगा सस्तै
पोको परी थरी थरी बसेका छन् गाउँ
प्रकृतिमा रम्दै गर्यौं पुग्नुपर्ने ठाउँ !

(१०)

आधा घन्टा नबित्दैमा पुग्छौं कालीतीर
पारि पाखा-पखेरामा मैना उड्थ्यो भीर
वारि पन्यो झुम्सा बगर पारि गाउँ ठिनी
ठिनीको नै मर्चा मीठो भन्छे थकालिनी ।

(११)

निस्क्यौं ढोका डोका पोका च्यापी झोली झिटी
'दाई ! स्याऊ लैजानुहोस्' भन्न थाले ठिटी
स्याउ दाने दुबै गाला वदनमा अम्बा
थकाल्नीका बोली मीठा भित्र बज्र--खम्बा ।

(१२)

ठिनीमाथि नीलगिरि हिमाल छ लेते
मानापाथी धौलासिरि आँखा पुगे त्यतै
नीलगिरि मुन्तिर छ शुभ्र धुम्माताल
त्यसै तालमुनि बग्छिन् काली कलल्ल ।

(१३)

तिलेचोको तालै आँखा स्वर्ग चुम्ने चुली
धूपी सल्ला भोजपत्र डाँफे मुना डुली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाह्र हजार् फिट अग्लो हिमशैल काख
तीर्थवासी अभिलाषी पुगे कैयौं लाख

(४)

हिन्दूका ती देवता हुन् मुक्तिनाथ भनी
हिमालय गर्भदेखि निस्के स्वर्ण बनी
आफैं धर्ती आफैं पानी आफैं हरिहर
पानी माथि ज्योति बाली हिंड्छन् सरासर ।

(५)

यो वर्षको बडा दशैं असोजको जात्रा
एक गते सोमबार गर्दै शुभयात्रा
धूप दीप चामल र नरिवल जटा
पाट पीताम्बर भेटी बोकी हिंड्यौं उता ।

(६)

आफ्नो झोला आफैं बोकी मुक्तिनाथसम्म
जो चाहिने बाटो खर्च लिई हिंड्यौं टम्म
पोखरा र जोमसोम सजिलो छ जान
विमानको टिकट ली चढ्यौं वायुयान

(७)

भूईं छाडी विमान ता घुस्यो मेघ भित्र
तल थियो कपास झैं माथि नीलो चित्र
माछापुछ्रे बन्दै ढल्क्यो फेवाताले माछो
देखेको त लेख्नै पन्यो दृश्य थियो साँचो ।

(८)

दम्पतीको पुण्य गर्ने यात्रा जस्तो कर्म
यो विश्वमा कुनै छैन अर्को ठूलो धर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बैदामे ताल नाच्तै घुम्छ सराङ्कोट तल
पाखा प्रति डाँडा जति सबै झलमल ।

(९)

नागबेली टल्के खोला चुल्ठी लर्के जस्तै
जङ्गलको मङ्गलमा झर्ने छाँगा सस्तै
पोको परी थरी थरी बसेका छन् गाउँ
प्रकृतिमा रम्दै गर्यौं पुग्नुपर्ने ठाउँ !

(१०)

आधा घन्टा नबित्दैमा पुग्छौं कालीतीर
पारि पाखा-पखेरामा मैना उड्थ्यो भीर
वारि पन्यो झुम्सा बगर पारि गाउँ ठिनी
ठिनीको नै मर्चा मीठो भन्छे थकालिनी ।

(११)

निस्क्यौं ढोका डोका पोका च्यापी झोली झिटी
'दाई ! स्याऊ लैजानुहोस्' भन्न थाले ठिटी
स्याउ दाने दुबै गाला वदनमा अम्बा
थकाल्नीका बोली मीठा भित्र बज्र-खम्बा ।

(१२)

ठिनीमाथि नीलगिरि हिमाल छ लेते
मानापाथी धौलासिरि आँखा पुगे त्यतै
नीलगिरि मुन्तिर छ शुभ्र धुम्माताल
त्यसै तालमुनि बग्छिन् काली कललल ।

(१३)

तिलेचोको तालै आँखा स्वर्ग चुम्ने चुली
धूपी सल्ला भोजपत्र डाँफे मुना डुली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालीगंगा वारिपारि धूपी मगमग
कर्मनिष्ठ कविताले भूपि जगमग ।

(१४)

नीलगिरि पर्वतमा काकभुसुण्डीले
गर्थे जप तप सेवा गर्थी कुसुण्डीले
भिल्ल जाति मुनिमाथि ठूलो श्रद्धा राख्थे
लामा गुरु मात्र हैन धामी झाँक्री डाक्थे ।

(१५)

"पारि नाङ्गा पहाडमा विचित्र ती के हुन् ?"
मैले भनें सेतूलाई– "विश्वकर्मा ती हुन्"
"कल्ले कुँद्यो शालिग्राम चक्र सुनै सुन ?"
"लाखौं रूप बुट्टा काट्ने बज्रकीट जान ।"

(१६)

फापरबारी स्याऊ घारी मार्फा बगैंचाको
एकै किलो स्याऊ किन्यौं पाँचै रुपियाँको
सानो सानो सदर झुम्सा घरैपिच्छे भट्टी
भट्टीभित्र भरिभराउ साइडरे[1] लस्सी ।

(१७)

माथि दाना भन्सार ता तल राखुपुला
हीरा हो कि जुहार हो हिउँका ती चुला
धुस्रे फुस्रे पहाडको जोगी जस्तो रूप
जता हेर्‍यो काँडाघारी छैन कुनै रूख ।

(१८)

खोल्सा-खोल्सी भुल्का-भुल्की धूपी सल्लाघारी
दाउरा खोज्न जानुपर्ने ज्यानै माया मारी

१. स्याउबाट बनेको मादक पेयपदार्थ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुस्ताङको सदरमुकाम झुम्सा भने हुन्छ
झिलिमिलि बत्ती वाली पानीघट्ट घुम्छ ।

(१९)

यहीं खुले सरकारी अदालत ठाना
सूर्यदलका सिपाहीले भिर्छन् तानाबाना
विकासको चमत्कार गम्किए झैं लाग्छ
मान्छे खाने थाक्से भूत पुच्छर लुकाइ भाग्छ ।

(२०)

आजभोलि नेपालमा विकास खुलेको छ
विदेशको पर्यटक यतै भुलेको छ
नेपालको सांस्कृतिको साङ्गो-पाङ्गो मूल
विदेशका विद्वान्लाई पर्दा अनुकूल ।

(२१)

मधेश तराइ पहाडभन्दा हिमालको चित्र
खिचेर पो लैजाँदा छन् आफ्नै राष्ट्रभित्र
छातीभरी क्यामराका जन्तर छन् उन्का
स्वागत गर्छन् विश्वलाई अग्ला चुली सुनका ।

(२२)

मुक्तिनाथ जाने यात्री धेरै थिए डोके
पाप भोग्न नसक्नेले मुक्तिनाथ घोके
जनमभरी हाड घोट्ता पनि नगै दुःख
खोज्दै मुक्ति धाएका छन् यात्री स्वर्ग-सुख ।

(२३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(दोस्रो अध्याय)

भेटिए यात्री बाटाका साथी स्वदेशी विदेशी
बोकेका डोका धर्मका भोका पहाडी मधेसी
काँधैमा झोली हातैमा चिम्टा शिवको तिर्सूल
गेरुवा बस्त्र रुद्राक्षमाला लट्टा छन् कपाल ।

(२४)

सेतूले सोध्छिन्– "कार्बेनी कति टाढा छ हजूर ?"
"नमान फिक्री साँझमा बास बसिन्छ जरूर"
"आफूले हजूर, जीवनमा चैन गर्नुभो अघोरै
मसान जस्तो घर कुरेँ मैले रातमा रोएरै ।

(२५)

बालक–भुवा खोइ भन्थे बुवा ? पर्देश जानुभो,
जीवनका दिनमा न मरिजानु, न गरी खानुभो"
"न भन प्रिया अबुझ बनी सबैका लागी म
घुमेको थिएँ बिर्सेर सुख रातैमा जागी म ।

(२६)

रामेश्वर बद्री, र विश्वनाथ घुमौंला केदार
चारै धाम घुम्न पाइनँ भनी नहोऊ दिक्दार"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मकै गन्थन झिकेर बाटो काट्तथ्यौं दुइ जना
बितेका दुःख सुखका कुरा गरेर संझना ।

(२७)

बाटैमा फुट्छन् संझना मूल यो ज्यूले भोगेका
छोडे पो घर भेटिन्छ पर मनले खोजेका
मुक्तिको आस रहुन्जेल सास मान्छेले राख्छ रे
यो वृद्धकाल मायाको जाल धर्मले डाक्छ रे ?

(२८)

आजको युगमा ईश्वरको कुरा कस्ले पो सुन्छ र ?
जटिल युग, भौतिक भेल कस्ले पो थुन्छ र ?
नेपालभित्र बहुल बाढी उर्लेको खोला झैं
बढेर आयो फुटाली बाँध खोला र टोलामै ।

(२९)

अहिंसा भेल उर्लेको थुन्ने नेपाली बुद्ध हुन्
कि बूढानीलकण्ठले सक्छन् यी दुवै सिध्द हुन्
यी त्यसै मुर्दा लुके झैं लुक्ने हैनन् रे चिहान
शान्तिको शङ्ख फुकेर उठ्छन् सृष्टिको बिहान ।

(३०)

चैतन्य ज्योति जगाई खोजी मनको अँधेरो
जलाई खोलिदिएका हुन् रे धर्मको पँधेरो
यी नरनारी पापको भारी बोकेका बोक्यै छन्
मुक्तिका लागि कुर्कुच्चा भैंमा ठोकेका ठोक्यै छन् ।

(३१)

"ए पापी बूढा ! पापिनी आमा ! ! जाउँ हिंड मुक्तिनाथ"
भनेर भोका बोकेर डोका दगुरे नखाइ भात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रगतको दुनो भित्र्याउनुपर्छ जमरा-कोठामा
अष्टमी आधीरातमा महाकालीका फोटामा

(३२)

चढाऊँ बली मानौंला दशैं खाउँला मासुभात्,
मीठो र राम्रो खाने र लाउने नेपाली यौटा जात्
भेडा र च्याङ्ग्रा ओहाल्यो हेर भोटेले भोटै ली
लेकाली गुरूङ बेंसीमा झर्‍यो सिजाले१ गोठै ली

(३३)

लाम्काने खसी छोडुवा बसी पालेका मधेसी
बँदुवा बोका खेदेर भोका हिंडे ती घर्‌देखि
लागेछ दशैं फुल्यो हो लाली आँठामा थुङ्गे फूल
झ्याउँकीरी बास्ने वनले टाँग्यो होला रे सेतो झूल

(३४)

पाक्यो हो कटुस कसौंडीभित्र केवल दुइ चोइली
को देला खान कोकले भन्दो डाकेर वन कोइली
घाम चर्को बल्यो सिर्सिरे चल्यो लर्किंयो ब्याँसी-धान
हिमालै चुली देखिन्छ खुली चुनरी बुन्ने तान ।

(३५)

हेर्म्जा र कास्की भलाम डाँडा लामाचौर चनौटे
निस्किए भेडा च्याङ्ग्राका बगाल खरिद्न भनौं के
भेट् भए च्याङमा त्यै जोमसोम्मा अघि र पछी भै
हिंडेको बेला खेलकूद मेला चलेको रै छ तैं ।

(३६)

---

१. लेकाली खसी–बोका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोखरादेखि काग्बेनीमाथि चाराङको पाखामा
पुगेर भेडा च्याङग्राका गोठै किने र लाखांमा
फूलपाते दिन्मा पुऱ्याउँला भनी पोखरा टुँडीखेल
हिंडेका लाहुरे बोकेर झोला नमरी बाँचुन्जेल ।

(३७)

दशैंको बजार रक्तको बेपार भेडा र च्याङग्राको
खसी र बोका राँगा र भैंसी लब्याउने डाङग्राको
चलेको थियो बाटा र घाटा लस्कर नून तेल
महँगी अजिङ्करैले निल्यो मान्छेलाई अचेल ।

(३८)

के मान्नु दशैं के मान्नु तिहार दिदीका भाइ-टीको
रमन्ते जोगी बनेर हिंड्नु बाँचुन्जेल यै नीको
विधिको विधान भाग्यको निशान् मेटेर मेटिन्न
अदृश्य शक्ति नगरी भक्ति देखेर देखिन्न ।

(३९)

गरे पो सेवा मिल्दछ मेवा त्यो यसै पाइन्न
जत्तिले आत्मा भरिन्छ भन बढी ता चाहिन्न
भन्दछन् सबै विश्वका धर्मधुरीण औतारी
बाटोमा भेट्यौं 'मान्हे पेम्हे' खोपेका चौतारी ।

(४०)

"कां जाने इष्ट !" सोध्दछु मैले "पोखरा जान्छ हो ।"
ठोकेर कोर्रा चढेको घोडा दगुराइ गयो त्यो
"अस्ताए घाम हे मेरा राम ! काग्बेनी आइपुग्यो ?"
भन्दछिन् सेतू "छायामा लेटूँ तिर्खाले मुख सुक्यो !"

(४१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमाली मैना कालको ऐना देखाउँछ नरलोक
जागेर उड्छ रात र दिन बिर्सेर निद्रा भोक
पैन्हेको बास हिउँको रास स्वतन्त्र बतास
फिर्फिरे मारी अलखा पारी घुम्दछ अकाश

(४२)

क्या चिल्लो कालो मेरो छ पालो भनेर झुमेको
लेते हैं देखि छोसेर्[1] फेदी खोंचमा घुमेको
जेठैमा फुल्छ काग्बेनी–आरू असोज पाक्तछ
मार्फाको काम गुलियो जाम बनाई राख्तछ ।

(४३)

फापरका रोटी लसुनका पोटी उवाको रातो झोल
थाकखोले ठिटी बोलीकी मिठी प्रितीकी अनमोल
"स्वागत" भन्छन् चट्टाने कला ती नाङगा तारे भीर
यो मुक्तिक्षेत्र श्री सत्यदेवी आमाको खस्यो शिर ।

(४४)

नूनको भंसार मुस्ताङको संसार छ्याङ छ च्याङग्राको
ठोकेका बान्नु इतिहास जान्नु राजाका आन्द्राको
शिरमा दुइ सिङ उम्रेका थिए उहिल्यैका राजाको
दिनमा यौटा मानिस मारी खाइहाल्थ्यो खाजा त्यो ।

(४५)

उसैका आन्द्रा कलेजो मुटु फोक्सा छन् गाडेका
त्यो कलजिब्रे थियो रे राजा मारेर छाडेका
उसैको जीवन–मुक्तिका लागि अर्चना पोखियो
बाटा र घाटा 'मान्हे र पेम्हे' ढुङ्गामा खोपियो ।

(४६)

---

१. मुस्ताङको घाँटी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तेस्रो अध्याय)

कागेखोला कालीगङ्गा काक भुसुन्डी
दो कानमा सुन लाउँथी गिद्ध कुसुण्डी
आजभोलि देखिन्न यो पहाड–कन्दरामा
कहाँ पुगी ? कहाँ लुकी ? धर्ती–पिञ्जडामा ?

(४७)

हज्जारौं तो गिद्ध हुल्मा आउँथी सिनू लुछ्न
आन्द्रा तानी पेटभित्र सिपालु थी घुस्न
भुसुन्डीलाई पूजा गर्ने कागतिहार आउँछ
कागले पनि पञ्चकमा मात्र पूजा पाउँछ ।

(४८)

कागेखोला छडछडाउँछ कागबेनी तीर
आज बिहान मिर्मिरेमा कालीगङ्गा भीर
छिरिङ्ग धोर्जे गुरूङको धौलासिरी लज
रात बित्यो सेतूसंग विना कामरत

(४९)

पुर्खा पितृ मुक्ति होउन् भन्ने यौटै आस
बिताइदियौं कागबेनीमै चिसो ठंडी रात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अँधेरैमा ठेस ठक्कर खाँदै झन्यौं काली
ढुंगै ढुंङ्गा बान्नु पर्‍याल मैनबत्ती बाली।

(५०)

वल्लतल्ल निस्क्यौं तल च्याङ्ग्रा थुन्ने घ्याङ
तीर्थवासी धूलैमाथि पल्टे नाङ्गो आङ
कहाँ मलमूत्र फाल्ने, ब्रह्ममुहुर्तमा
एकराते तीर्थवासी थियौं अजानमा ।

(५१)

कागबेनी दोभानतल पुग्यौं वल्ल–तल्ल
कस्लाइ दिने चामल पैसा पर्‍यौं अल्लमल्ल
तीर्थबासी ब्राह्मण ती शुद्ध वाक्य जान्ने
श्राध्दगर्ने भेटी चामल दिदा श्रध्दा मान्ने

(५२)

उनैलाई धूप बत्ती बाल्दै भन्यौं गोत्र
चामल पैसा कागवेनीमा परे अलपत्र
के के भने संस्कृतमा कर्मकाण्ड खेलो
बाहुन सारै बाठा रैछन् कमाउने मेलो ।

(५३)

उनैलाई मेरो नाम 'धर्मराज' भनें
पितृश्राध्द कार्य सकी म त चोखो बनें
थर् थर् काम्दै सेतू बरा काग्बेनीको जल
नाङ्गो आङमा छर्किहालिन् बग्थिन् काली तल।

(५४)

अलि उता जाउन् भने कालीले नै तान्ने
डर थियो आफ्नै ज्यान्को विश्वास कस्को मान्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा आगो पानी एकै भन्थे गणेशमान[१]
यिन्को राम्रो सेवा धर्म गर्न तिमी जान।

(५५)

न जान्नेले गोता पाउँछ जान सक्छ ज्यान
कामलिन जान्नु पर्छ हुन्छ अमर नाम
मैले पनि जल–चरी नुहाए झैं गरी
अलि अलि डुब्की मारें जप्तै हरि हरी।

(५६)

काग्बेनीमा पितृश्राध्द सक्यौं एक्कै छिनमा
आङमा बाक्लो बख्खू छैन जाडो लाग्ने दिनमा
टपरीका चामल र दूनामाथि बत्ती
गङ्गाजीमा बगाइ दियौं राखी श्रध्दाभक्ति।

(५७)

श्रध्दा भन्दा ठूलो धर्म छैन संसारमा
अमर काक भुसुन्डी छन् बेनी भंसारमा
मैले भेटें काग्बेनीमा राम भक्तलाई
मैले भेटें भोटेलामा देश भक्त लाई।

(५८)

चामलसित जिम्बू साट्थ्यो नून सराबरी
'ईष्ट!' भन्दै बोलाउँथें माया बराबरी
लोमे झ्योमे पल्टाङ पुल्दुङ बजाइ आँगनैमा
'आमो! पीठो दे दें' भन्दै नाच्थ्यो जमानैमा।

(५९)

---

१. ने. का. का सर्वमान्य नेता श्री गणेशमान सिंह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भैमा खुट्टा बजारेर फन्न घुम्दै नाच्ने
कपाल कोरी फुर्के डोरी कम्बरमा बाँध्ने
मुस्ताङको भोटे झर्थ्यो मधुबेनी तल
हिउँ परेर पाखा बारी छोप्ता मलमल

(६०)

पहाडको हिउँदे बारी तुसारोले ठयाम्मै
पूष माघ भोटे आउँथ्यो माया लाउँथ्यो आम्मै !
आज हामी यतै उँभो मुक्तिनाथ लाग्यौं
मनोकाङ्क्षा पूरा गर्न जोडी पयर चाल्यौं ।

(६१)

कस्तो रैछ मुस्ताङ जिल्ला हेर्दै जान थाल्यौं
सौन्दर्यको दिव्य ज्योति हृदयमा बाल्यौं
कठै बरी ! दुब्ली सेतू काम्न थाल्यो मुटु
उकालीमा दुवै पाउ भए लुहुपुटू ।

(६२)

उकालीमा टेक्ने लौरी समाउनेमा बाङ्गो
कल्ले देख्ने भोक तिर्खा कल्ले देख्ने नाङ्गो
यात्री सबै डोका बोकी चले उकालीमा
जति माथि चढी हेर्छु उनी ओन्हालीमा ।

(६३)

झोला बिसाइ खोला हिरें तल कागबेनी
ठण्डीले नै दुवै कान बजे टिनीनीनी

---

१. लोकगीत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथि हिमचुली तल काली कललल
न्हुप्छु, सारछु दमखोला बगे सललल

(६४)

"हावा चल्छ टुरुरुरु सूर्य ढल्केपछि
दिन काट्नु पर्दोरैछ घ्याङै भित्र बसी
दर्शन स्पर्शन छिटै सकी फर्कौं छैन गति"
सेतू भन्छिन् भोटे पीपल फेदमुनि बसी ।

(६५)

कागबेनी ठाडै झर्‍यो कालीगंगा तीर
तीर्थस्थल मणि–मुकुट मुक्तिनाथ शिर
हिन्दू बौध्द संस्कृतिको सभ्यताको मूल
यो नै सुक्तै गयो भने झर्छ धर्म–फूल !

(६६)

तीर्थस्थल पवित्र छ अरू हुन् या हिन्दू
मानिसलाई मुक्ति दिने मुक्तिनाथ–सिन्धू
शालिग्राम पहाड घुम्छ चालीस कोससम्म,
हिमै हिउँले पोतिएका टाकुरा छन् टम्म ।

(६७)

चन्द्ररूप शालिग्राम नारायणी अंश
बाटुला र गुच्चा ।काला शङ्करकै वंश
चक्रवाला शालिग्राम ऋषिकेश मूर्ति
मन्दिरभित्र झल्की बस्ता चैतन्यकै स्फूर्ति ।

(६८)

पूजित छन् भक्तालुका हृदयका घैला
शिवरूपी शालिग्राम मन–मन्दिरका दैला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो दिव्य तीर्थाटन मिलिजुली गछौं
चाँडै हिँडौं सेतू नानी ! भोलि हामी मछौं ।

(६९)

हिंड्दै जाँदा पुग्ने ठाउँ देख्ता थोरै लाग्छ
मुक्तिनाथ उकालामा मनले बस्न माग्छ
खिङ्गा पुग्छौं बल्ल तल्ल बिसाइ ठामै–ठाम
रातो गुम्वा झार्कोटको ठि-थोक्-पा-१ को नाम ।

(७०)

पहिलेको घटना हो मुक्तिनाथ-मूर्ति
कुँदाउने जुंली राजा उनीकै हो कीर्ति
सोह्रौं सत्रौं शताब्दीमा जुंला छिनासिम्का,
मुक्तिनाथ हराएछन् छैनन् झोली चिम्टा ।

(७१)

यिनै कालीगण्डकीको हिमालय भेक
पन्थामारी बस्ने देखे ऋषिमुनि भेष
त्यहाँदेखि उठाएर खिङ्गासम्म लाँदा ।
आधारात्मा उठेर नै उँभोमाथि जाँदा ।

(७२)

कतिचोटि श्रद्धालुले जुम्ला लान बोके,
तल झारे उँभै जान्छन् उडेर नै हो के ?
फेरि पिठ्यूँमाथि राखी नाम्लो लगाइ ताने
हुक्काउनै नसक्तामा द्योता भनी जाने ।

(७३)

---

१. प्राचीनकालको स्थानीय सामन्त शासक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखे मूर्ति माथि लगी ज्वालामाई थान
चतुर्बाहु कुण्डलले सुशोभित कान
हिंड बाबा ! हिंड आमा ! मुक्तिनाथ जाऊँ
पुगेपछि देखिने छ मुक्ति मिल्ने ठाउँ ।

(७४)

खिङ्गादेखि उँभै लाग्यौं नाला तर्‍यौं ह्युँका
नून हाली मथेका छन् चिया चौंरी घ्यूका
फुरुमाथि सुरुप-सुरुप घुट्का लिंदै प्यूँदा
बख्खू दोचा राडी पाखी घरै बसी स्यूँदा ।

(७५)

मुण्डा घरमाथि हारी धुपीका छन् दाउरा
कस्ता राम्रा भकुल्ले छन् कुकुरका छाउरा
खिङ्गामाथि झार्कोट थियो बाह्र बज्यो बल्ल
पुग्न धेरै बाँकी नै छ बाटो हेर्दा रल्ल ।

(७६)

वृक्ष लता कुञ्ज छैन नागा-जोगी डाँडा
ढुवदूरको पल्लापट्टि फुल्छन् काँडै काँडा
दुवै आँखा कुण्डदेखि फुटे अश्रु-मूल
छिट्टै चुँडी नलैजाहै मृत्यु ! जोवन-फूल ।

(७७)

किन दियौ दैव नारान ! मर्नुपर्ने जन्म
धोका छँदै मरिहाल्छ पाउन्न क्यै भन्न
सक्किहाल्छ जिन्दगानी यसै घाम छाया
रङ्मांडिदै पुतली , झैं घुम्छ जालमाया ।

(७८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लसुन र जिम्मु टिमुर बेच्थे बाटाभरि
चामल र जिम्मु पनि साट्यौं सराबरी
एक माना चामलको बीस मोहर पाइने
मास्का दाल्मा जिम्मु झान्दा बेसी भात खाइने ।

(७९)

मरिच र वीरेनून चपाउँदै हिंडचौं
जाडो भयो ऊनी टोपी गलबन्दी किन्यौं
ओठ मुख सुक्तै गयो अन्न नपाएर
भोटेनीका लस्कर चले छ्याङ्ले अघाएर ।

(८०)

दिव्य परी क्या सुन्दरी घोडा हाँकी आए
बहुमूल्य वस्त्र नयाँ बाह्र गाउँले लाए
'सिले' 'घिन्जा' सुन चाँदी गहनाको भारी
केश कोरी चुल्ठो जोरी शिर वरिपरि ।

(८१)

पुगेपछि देख्नु होला तिन्को ठाँटबाँट
हिंड दाज्यू ! हिंड बैनी ! मुक्तिनाथ जाँत [२]
यार्तोङ पर्व हेर्नु आफैं जनैपूर्णिमाको
बाह्रगाउँ भोट थाक पाँचै गाउँलेको ।

(८२)

घच्चा घच्ची निकै चल्छ कुद्यो भोटे घोडा
दोहोरीमा गीत ढल्छ तरुनीका जोडा

---

१. सक्कली यूँ, मुगा, सुन, चाँदी मिसाई तयार पारेका गहना ।
२. जात्रा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झार्कोट र पुराङको यार्तोङ ठूलो मेला
मुक्तिनाथ क्षेत्र भरि खेल्छन् आफ्नै खेला ।

(८३)

जनैपूर्णिमाको दिन बजाएर बाजा
लामा भेष गरी आयो झारकोटे राजा
कू-ठाग्-कुल मर्द थियो शत्रुनाश गर्न
भूतप्रेत तारो हान्थ्यो नडराई मर्न ।

(८४)

मुक्तिनाथ ज्वालालाई अर्पी जल दीप
फर्किएर रानीपौवा सम्थरिलो बीच
मान्छे खाने प्रेतलाई धनुकाण हान्थ्यो
बिजुलीवान् घोडा कुदाई पैसा पनि तान्थ्यो ।

(८५)

सबै आफ्नै भेष भूषा पैन्हिएर नाच्छन्
वर्षा ऋतु बिदा गरी शरद् ऋतु डाक्छन्
एक हप्ता रातो दिन छ्याङ्ले मातेपछि
बेलगामी घोडा जस्तो लड्छन् घुँडा धसी ।

(८६)

घोडे जात्रा गर्ने रीति तिब्बतीयन मूल
जनजाति लोकप्रिय सभ्यताको फूल
परम्परादेखि चल्दै चलाउँदै ल्याए
वर्षैपिच्छे मुक्तिनाथ यात्रीहरू धाए ।

(८७)

मुक्तिनाथ प्राकृतिक देवताको रूप
बालेकै छन् लाखबत्ती ज्वालाजीमा धूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान्छे मरी गएपछि ज्वालाजीकै ज्वाला
सल्काएर दागबत्ती गर्ने जुम्ली चाला ।

(८८)

देहमुक्त जीवनमा वैकुण्ठको वास
हुन्छ भन्ने विश्वासमा जलेकै छ लास
लोमन्थाङको यार्तोङ पर्व दर्शे मुक्तिनाथ
यी मुक्तिकै सृजना हुन् 'रिम्पोछे'[1]का गाथ

(८९)

जुंली राजा जनै फेर्न जान्थे मुक्तिनाथ
घोडा चढी ठूला लावा लश्करका साथ
खस्को राजा तागाधारी भएकाले होला
ऋषि तर्पणीमा मेला चल्यो मुस्ताङ खोला ।

(९०)

कागबेनी झार्कोटमा कल्याल्वंशी राजा
बनाएर छाडेको छ दरबार खासा
ढुंगा माथि माटो घसी गाह्रो लगाएको
खँडहर छँदैछ त्यो पर्व जगाएको ।

(९१)

प्रहरी र शाही सेना कर्मचारी अनि
तीर्थवासी स्वदेशी र विदेशका पनि
बाल बृद्ध ठिटा ठिटी हिन्दू बुद्ध मार्गी
भेला हुन्छन् यार्तोङ हेर्न हुँदै दर्शनार्थी ।

(९२)

---

१. तिब्बतीय धर्मका मुख्य गुरु, लामा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झार्कोटमा खुलेको छ कृषि बैंक यौटा
लाल गुम्बाभित्र बस्ने चेन रे शिंग[1] द्यौता
कमेराले पोत्ने घर रातो छिप्ने गुम्बा
'मान्हे पेम्हे' घुमाइ हिंड्छन् होमे लोमे झुम्बा
(९३)

बाटाभरि पीपल र दोहोरो छ बान्नु
बान्नु माथि हिमालमा फुल्ने फूल ठान्नु
टिपौं भने वैलिजान्छ चाँडै सुक्ने जात
हिउँ पानी हुरी चल्दा झरि जाने पात।
(९४)

भोकले पो कन्तो खन्यो तिघ्रा लागे काम्न
पेटको अग्नि दन्की उठ्यो सकिएन थाम्न
स्याऊ थियो झोलाभित्र झिकेर त्यो टोकें
भाउन्न भै शिर दुख्यो उकालामा लोटें।
(९५)

जोर पहाड-गल्छी काटी जसै पुगें माथि
आउँदै थिइन् पछि-पछि जीवनकी साथी
"मुक्तिनाथ होटेल" भेटचौं तँछ रानी पौवा
पीपलमाथि घुम्ने देख्यौं हिमालका कौवा।
(९६)

"यौटा कथा सुन सेतू ! तिमी बस छायाँ
पाटी पौवा धर्मशाला थिए दायाँ बायाँ
सप्तऋषि घुम्दै आए परापूर्व काल
तपस्यामा लीन भए दामोदर ताल।
(९७)

---

१. अवलोकितेश्वर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋषिहरू आफैंलाई तपस्यालै गाल्दा
टेकेका ती लठ्ठीहरू मुजुराइहाल्दा
मुक्तिनाथ गाथ पूर्ण हरियाली छायो
उम्रिहाले पीपल ती वसन्तले गायो ।

(९८)

स्वर्ग बग्ने मन्दाकिनी भित्र भुलभुलाइन्
मुक्तिनाथ पद्मासन तल कुलकुलाइन्
पुगेपछि भेट्छ्यौ तिमी मुक्ति मिल्ने ठाउँ
उठ सेतू ! चाँडै भेटूँ मुक्तिनाथ जाऊँ ।

(९९)

शिवरात्रि पर्व थियो भक्तजन आए
नैवेद्य ली थरी थरी भजन पो गाए
भोका काग मन्दिरमा वरिपरि घुम्थे
चढाएको नैवेद्य ली लुछाचुँडी गर्थे ।

(१००)

नैवेद्यको लागि तिन्को चल्यो तानातानी
दुबै काग मुक्ति भए गर्दा खिचातानी
ती दुइटै मुक्तिनाथ कुण्डभित्र बुड्दै
त्यहीं मरी हंस बनी गए माथि उड्दै ।

(१०१)

देख्ने भक्त छक्क परे मुक्ति कुण्डलाई
'हंसतीर्थ' भन्न थाले बुझ्यौ ज्ञानु माई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मा आई होम गरे पञ्च अग्नि बाले
पायसको शैल उठ्यो रुद्र भाग फाले ।

(१०२)

आज पनि विभूति छ यो शैलको माटो
निधारमा तीन धर्के घसी लाग्छन् बाटो
सेतो मेघ हिमालमा चढ्न लाग्यो आँटी
पूर्वोत्तर दामोदर कुण्डको छ घाँटी ।

(१०३)

वरिपरि कुश घारी नाउ र खेल्ने छाती
कुण्डभित्र डुब्की मार्ने स्वर्ग तारा राती
भुल्को फुट्ने उम्लिएकी गण्डकी छन् काली
शालिग्राम बलेकै छन् स्वर्ण ज्योति बाली ।

(१०४)

मुयँलाको मनि बग्ने झुङ खोला छ तेतै
लुप्का गाउँ माथि झुङ छ हिमचुली सेतै
थरुङपास्को हिमाल्देखि छ्योङगुर भन्ने गाउँ छ
नून, ऊन, सुन बोकी लुलु झोँपा आउँछ ।

(१०५)

श्रीभीरमा कस्तूरी छ वासै पखेराको
देखिन्छ है पोथीको आङ भाले कन्याइरा, को
सिङ्ले घोच्तै पोथीलाई भाले जिस्क्याउँछ
जग्मगाई मग्मगाई वास्ना फिंजाउँछ ।"

(१०६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(चौथो अध्याय)

देख्तामा लाटी दिलकी बाठी सेतूले सोद्धछिन्
दर्शन गर्न हिंडेकासित खुल्दुली पोख्तछिन्
"काँ जान्छौ यात्री!" "श्री मुक्तिनाथ" "काग्बेनी नुहायौ?"
"भुसुन्डी खोला अनित्य चोला तर्पण घुमायौं।"

(१०७)

"के बोक्यौ बरी! त्यो डोकाभरी?" "यात्राको सामल
मुक्तिको सिधा, पितृको बिदा एकमानु चामल
काटेर नेटो उक्लियौं जेठो हम्पाल्को देउराली
छिरेर आयौं दानाको गल्छी उल्लेरी उकाली।"

(१०८)

पश्चिमदेखि हिउँले रेखी हालेको जगिया
नेपाली थला चट्टाने कला सुन्दर बगिया
आकाश नीलो मन्तिर कीलो ठोकेका टाकुरा
सुरक्षा गरी उत्तरैभरि फैलेका पाखुरा।

(१०९)

त्यो कुण्डमाथि भीमसेन पाती फुलेको फुल्यै छ
भञ्ज्याङ घाँटी बादल फाटी खुलेको खुल्यै छ
अग्लाइमाथि अग्लाइ थप्छन् हेर्नुहोस् पहाड
कस्तूरी मग्मग् बसाइराख्छ गर्नुहोस् बहाड।

(११०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के उराठिला यी माछाकाँढे धम्केरा छुटाउँछन्
कविको दिल कल्पना झिल भावना फुटाउँछन्
"यो मुक्तिनाथ कालीको खोंच पैले को आएथ्यो
कसरी कस्को भक्तले उन्को दर्शन पाएथ्यो ?"

(१११)

"कसैले भन्छन् स्वस्थानीव्रतकथामा लेखेको
वृन्दाको चोखो सतित्व सिन्दूर विष्णुले लुटेको
त्यो बेलादेखि हिमाल फेदी एकान्त गुफामा
पल्टेका हुन् रे पाएर मुक्ति सृष्टिकै उषामा !

(११२)

उकाला बाङ्गा पहाड नाङ्गा धुस्रे र फुस्रे हर
आगो र पानी बनेर बस्छन् मर्त्यमा जनमभर
आगोको कर्म पोल्ने हो धर्म धुने चैं जलको
छलको बल टिक्तैन पल यो मर्त्यस्थलको ।

(११३)

मिल्दैन भुक्ति यो देह भुक्ति संघर्ष नगरी
गुथाई फर्के मुक्तिजीलाई विजय-पगरी
हल्लायो भोटे पीपलु पात चलेको बतास
मुस्कुराउँछ त्यो धौलागिरी खुलेको आकाश ।

(११४)

लैजान्छु सेतू ! म तिमीलाई घुमाउँछु दामोदर
कुण्डको सुन्दर मर्त्यको स्वर्ग दूधको सरोवर
कुशको बारी हरियो घारी पाटने नरम घाँस
विहार गर्न आउँछन् मान-सरोवरदेखि हाँस ।

(११५)

२८५५१
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वरको लीला के जानिसक्नु सृष्टि हो उनैको
झल्कन्छ राती कुण्डको छाती शरद्का जूनैको
नौलाख तारा रङ रस गर्छन् खेलेर तालैमा
हास्रो यो घर कतिञ्जेल छ र मायाको जालैमा ।
(११६)

जसरी नाम्चे खुम्बुले घेर्छन् हिउँका चुलीले
उसरी फन्को हालेका छन् हे दामोदर कुण्डले
अग्लो छ पन्धौं हज्जार सात-सय र एघार
दामोदर जाँदा पर्नेछ बाधा अट्ठारौं हजार ।"
(११७)

"दामोदर नाम हे मेरा राम ! कस्ले हो राखेको ?"
नामैको भित्र लुक्तछ अर्थ सेतूको प्रश्न यो
टेकेको लट्ठी राखेर भैंमा उकाली माझैमा
भन्दछु सबै कुण्डको कथा आँसीको साँझैमा ।
(११८)

"गण्डकी काली कुण्डको थालीदेखिकै मूल हो
शंकराचार्य गौतम बुद्ध शिरकै फूल हो
'सुमन् छू' भन्ने राखेर नाम तिब्बती भाषाले
यो औषधिकै दह हो भन्दै बोलाउँछ ह्लासाले ।
(११९)

घेलाङगै भन्ने जग्गामा चिल्ला देवता कुँदिन्छन्
ती शालिग्राम तुलसी मठ-मन्दिर पुजिन्छन्
दूधको कुण्ड हीरामा सुन मिलेको रङ जस्तो
माझैमा फुल्ने सुहागी घेरा देखिन्छ चून् जस्तो ।
(१२०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दूध्कुण्ड माथि दुइटा साथी बग्दछन् सलल
रक्तको कुण्ड हराए पनि पाइन्छ झलल
जडी र बूटी हिमैको कुटी कुशको बारी छ
देख्नेछौ तिमी उदेकलाग्दो काँडाको घारी छ ।
(१२१)

द्वापर युगी घटेको यौटा सुनाउँछु घटना
श्रीकृष्ण पैदा भएर पुगे नन्दको घरमा
बालककाल गोकुल ग्वाल अनेकौं खेले खेल
यशोदा माई देवकीलाई छुटाए काटी नेल ।
(१२२)

कहिले भैंको कोपरी माटो मुखैमा हाल्दथे
खोलन कृष्ण त्यो मुख भन्दा थुकेर फाल्दथे
आँ···गर भन्दा खोल्दिए मुख त्रिलोक देखियो
यो कृष्ण छोरो भगवान् मेरो भन्ने पो लेखियो ।
(१२३)

कहिले दही चोरेर खान्थे ठेकीमा जमेको
कहिले नौनी झिकेर खान्थे नालेमा मथेको
यशोदा दाम्लो लिएर निस्किन् बाँद्धछु भनेर
समाली सक्ना भएनन् कृष्ण चञ्चले बनेर ।
(१२४)

तँ काले चोर थुन्दछु खोर ओखलमा बाँधेर
लिएर दाम्लो कम्मर कसिन् यशोदा हाँसेर
यमलार्जुन दुइटा रूख थिए तीं आँगन
बाँधेको ओखल घिसार्दै जाँदा अड्किए नन्दन ।
(१२५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुइटै जरा समेतै ढले विधिको बलै हो
त्यो महाभारत अठ्ठारै पर्व कृष्णको छलै हो
ढलेका जोडी रूख ती बने सुन्दर जवान
जडता छोडी चैतन्य पाए थिए ती मलीन ।
(१२६)

कुबरपुत्र थिए ती दुवै नल र कुवर
धनका मद्ले बनेर अन्धा स्वच्छन्द कुदेर
विध्वंसकारी भएरै निस्के तीदेखि रिसाई
वृक्ष हौ भन्ने ऋषिले श्राप दिएर ती भाइ ।
(१२७)

यमलार्जुन बनेर रूख दुःखादि सहेर
खपेर बस्थे गोकुलभित्र प्रतीक्षा गरेर
कनिके धन कुबेरपुत्र भएर खराप
दिएका थिए नारदजीले रूखको सराप ।
(१२८)

कर्मको फल भोग्दथे नल कुवर दुःखमा
ती जडयोनी गर्भमा थिए हरिया रूखमा
प्रार्थना गर्न थालिपो हाले कृष्णमा झुकेर
'उद्धार हाम्रो गर्नुहोस् प्रभु !' भन्दछन् उठेर ।
(१२९)

'सुन्दर तनु देखिन्छौ मनु ! तर छौ तेज्हीन
हृदय तिम्रो उज्यालो पार्छु नुहाऊँ लौ हिंड ।'
कृष्णले भने दुवै ती हिंडे हिमवत्खण्डमा
शालिग्राम क्षेत्र त्यो ठूलो तीर्थ दामोदर कुण्डमा ।
(१३०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चुर्लुम्म डुबे दूधको दह निर्मल जलमा
निस्किदा पाखा कञ्चन आँखा बने तो पलमा
लगाम खिच्ता दगुर्दो घोडा रोक्किन्छ जसरी
संसाररूपी दाम्लोले जीव बाँधेको उसरी।

(१३१)

दाम्लाको गाँठो चुँडाल्ने बाटो कुण्ड त्यो विचित्र
अँगालोभित्र बाँधिएका छन् हिमाल पवित्र
कृष्णले बाँधे बारुले कम्मर दाम्लाको पटुका
म आफैं कृष्ण दामोदर भन्ने वंश हुन् यदुका।

(१३२)

यो कुण्ड आफैं विश्वलाई ताजा अमृत दिन्छ रे
भै स्वर्ग दानी पृथिवी रानी धर्तीमा झुल्छिन् तरे
पाइलो सार जीवन भार कुण्डमा बिसाऊँ
गण्डकी काली देह यो फाली खरानी बगाऊँ।

(१३३)

झुम्सा है देखि त्यो बाटो हिंड्न चारै र दिनको
श्री मुक्तिदेखि पैदलयात्रीलाई त छिनको
लौ जाऊँ सेतू ! दामोदर भेटूँ टिसुरे झोल्सित
फापरको ढिडो निलौंला नसिङ खोलाको घोल्बीच।

(१३४)

श्री मुक्तिदेखि झोङ हुँदै ताङ्गे गुफामा झरौंला
निस्कौंला यारा हेरेर सारा उकालो चढौंला
वार्स्याको गुफा शून्य त्यो उषा खेलेको ठाउँ छ
मरेछौं भने उडेर जाने वैकुण्ठ गाउँ छ।"

(१३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(पाँचौं अध्याय)

रानीपौवा विशाल छ इयालै इयाल धेरै
प्रभारानी सुवर्णको सुकीर्ति हो मेरै
पौवाका छन् छब्बिस ढोका पचपन्न इयाले
भक्तपुरे दर्बार नै टिप्छ कल्पनाले ।

(१३६)

अरू पनि पौवा देख्छु दानी मोहनले
घेरिएका धर्मशाला भोटे पीपलले
पूष माघ पौवै भास्ने गरी पर्छ हिउँ
ह्यूँले मार्छ उम्रिएका आलु मूला बीउ ।

(१३७)

पौवा सफा राख्नुपर्छ हिउँ सोहोर्नेले
नसकेमा पुजाहारी बोलाउनै पर्ने
वर्षा थोरै हुने ठाउँ हिउँ मात्र पर्छ
हिउँ पग्लेपछि पानी चुहिएर झर्छ ।

(१३८)

माटो मुछी छापेको यो पौवा रै'छ ठूलो
हिउँले नै पारिदिन्छ ठाम ठामै दुलो
पौवा कुर्ने पौवाली छ घोडा मात्र चढ्ने
खिया लाग्यो ताम्रपत्र[1] आज कस्ले पढ्ने ?

(१३९)

१. वि.सं. १८६६ को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवालय, मन्दिर र पाटी पौवा गुम्बा
हेरचाहा कस्ले गर्ने हिँडे लुंबा झुंबा
मुस्ताङ र म्याग्दी जिल्ला भिन्न भएपछि
राखुको त्यो सदावर्त आउन्न रे कत्ति।
(१४०)

× × ×

थकित थिइन् ती थलिएकी गलेकी बिरामी
म थिएँ गीतिधारामा बग्ने बिर्सने हरामी
हिजोको मान्छे भेट् हुँदा आज भुसुक्कै बिर्सने
स्वभाव मेरो थिएन कुनै कुरोलाइ पखिने।
(१४१)

थिइन् ती सेतू भुत्भुताइराख्ने गन्गने सासू झैं
त्यो उकालीमा भोकै छौं दुवै कसरी हाँसौं मैं
झलक्क देख्छु श्री मुक्तिनाथ गजुरे मन्दिर
गरेर पूजा लौ चित्त बुझा देवता सुन्दर।
(१४२)

तीन्सय वर्ष पुराना गोम्पा मन्दिरका कहानी
लेखेर मात्रै अगाडि बढ्छु झन्झट नमानी
फेद है देखि चढेको यात्री टुप्पोमा संसार
जसरी लुट्छ अनन्त स्वर्ग वसन्त बहार।
(१४३)

उसरी हामी पाइला चाल्छौं मुक्तिको दुवार
हर्षका फूल दिलका फुले थकित मुहार
पुराङ्का बाला लागेका माला ढोकाको धूलामा
पैसा हाल् भन्दै देखाए द्यौता गोम्पाका दुलामा।
(१४४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बायाँमा साऊदे गुम्पा छ ठूलै पुरानो भएछ
पाटी र पौवा बस्तिको रूप रङ नै गएछ
मर्मत विना हुँदैनन् कुनै विश्रामलायक
विदेशी धनीनीमाका लागि होटलबाहेक ।

(१४५)

पुण्यकै लागि थापेका धर्मशालाको सुसार
नहुँदा धर्म भुटिइगयो बद्लियो मुहार
नृसिंह गुम्पा रहेछन् सुनका देवता हातामा
साऊदोले उठाइ गएको गुम्पा झन्केर जाँदामा ।

(१४६)

सुन्दर मूर्ति फुटेका थिए हातखुट्टा भाँच्चिए
चोरिए कति, फोरिए कति हिउँमा भास्सिए
बोल्दछन् फूर्ति लिएका मूर्ति सबैका सम्पत्ति
कसैका पनि भएनन् तर चलेर विपत्ति ।

(१४७)

पौवाका काठ थुतेरै बाले हिउँदे पाखामा
वर्षेर हिउँ बाहारै मास मुक्तिको काखामा
पुजारी बेग्लै लामा छ बेग्लै झुमा छ एकलै
प्रहरी बेग्लै मन्दिर बेग्लै मूर्ति छन् बेगलै ।

(१४८)

उक्लेर जाँदा अगाडि हंसकुण्डमा पुगियो
एक्तले पाटी बार्दलीमाथि भन्याङ उक्लियो
बिसायौं डोका फुकाल्यौं पोका लँगौटेपारामा
दगुरें नाङ्गै एक्सय आठ गौमुखी-धारामा ।

(१४९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुडुले टाउको थाप्पिदै गएँ झन्यायो पानीले
हिमाल पग्ली झरेको नदी हिउँको खानीले
गौमुखेधारा मध्यान्नी न्वायौं काग्वेनी बिहानै
ताँबाको छानु मुक्तिजी सानु मन्दिर सान्सानै ।
(१५०)

अठ्ठारसय एक्हत्तर साल जुम्लाका राजाले
मन्दिर निर्माण गरेथे सबै जनका साझाले
ताँबाको मूर्ति क्या राम्रो फूर्ति चाँदीको मुकुटे
जनै छ आङमा दाहिने काँधमा लत्रेको छसूते ।
(१५१)

सेतूले पनि काढिन् है चोली पेटीकोट रुझाइन्
धर्मको पोको मनको धोको आत्माले फुकाइन्
दाहिनावर्त मन्दिरतर्फ कुण्डमा चुर्लुम्मै
डुबेर पाखा निस्कँदा पाप खर्ल्याम्म-खुर्लुम्मै
(१५२)

फेरेर चोखा आङमा वस्त्र मन्दिरमा पसियो
भोक र तिर्खा मरेर गयो ध्यानैमा बसियो
नुहाए तीर्थयात्रीले पनि मुक्तिको मूलैमा
नरिवल जटा बोकेर लता हामी छौं हूलैमा ।
(१५३)

चढायौं सेता बस्तर खादा मुक्तिका पाउमा
फल्फूल पैसा झुमाले टिप्थी ऊ आफ्नै दाउमा
श्री मुक्ति शिला भएको गर्भगृहको भैंतल
ठोकेर सङ्गमरमर छोपी राखेको डब्बल ।
(१५४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्दिर छाना कर्नासी पित्तल ठोकेका पाता छन्
दोसरो तलामा अभिलेख लेखेका खाता छन्
खाएर कावा हिमाली मैना उडेको देखिन्छ
त्यो मैना कस्तो कोकिल जस्तो कविता लेखिन्छ ।

(१५५)

बितेका पन्ध्रौं शताब्दीसम्म समाल वंशका
ठकुरी मल्ल राजाले जुम्ला खसान चर्चेका
पश्चिम महाकालीका पारि छन् बद्रीनाथ रे
बद्री र मुक्ति पृथिवी मल्ल राजाका हात रे ।

(१५६)

छिनासिम् जुम्लादेखि नै प्रातःकालमा उठेर
आएका थिए श्री मुक्ति बाबा काग्बेनी कुदेर
बद्री र मुक्ति श्री पशुपतिनाथ यी तीन भाईको
दैविक शक्ति शारदा लक्ष्मी पार्वती माईको ।

(१५७)

ढुंगो र माटो जलको बाटो निक्लेको आगो छ
धरतीको गर्भ नै फोरी उम्लेको छाँगो छ
गारो माटो छ सारो पित्तल गजूर्को
आपना छन् कला-कीर्ति प्रकृति हजूर्को ।

(१५८)

देवता खेल्ने विशाल हिमाल
ल झुम्छ, शीतल सियाँल
ठाम्मा थकाइ भाग्दछ
र झुलुक्क लाग्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राम र कृष्ण बुद्धको धर्ती विश्वमा खुलेको
लेकैमा लालीगुराँस फुल्छ वसन्त डुलेको
न्याहुली चरी जोर कण्ठ छरी वनमा बास्तछ
बैंसालुपनमा पालुवा वनमा पिरती गाँस्तछ

(१६०)

जीवनका लाखौं विरह पोख्छन् यी चराचुरुङ्गी
मुनाल मुजुर हेर्नुहोस् हजूर डाँफेको नौरंगी
कन्याङ-कुरुङ भन्याङ-भुरुङ उक्लेर एक भै
उडेका उडचै उँभो र उँधो नेपाल देशमै ।

(१६१)

गोसाईंथान फेवाताल जान मुक्तिकै कुण्ड रे
छ बेग्ला-बेग्लै कुण्ड छ एक्लै हंसकै झुण्ड रे
छ नीलो अग्लो हिमालचुली छन् नीलकण्ठ रे
अमरावती त्यो कान्तिपुरी द्यौताको मञ्च रे ।

(१६२)

पूर्व छ सप्तकौशिकी नदी पृथिवी वराह
सूँडमा बोकी बसेका धर्ती रहस्य अथाह
यो पृथिवीले गाँसेको ठूलो नेपाल सुन्दर
सुन्दरसित दाँजिन सक्ने मुलुक कुन् छ र ?

(१६३)

सोमेश्वर काली अँगालो हालिरहेछौ नारायण
म नित्य विष्णुसहस्रनाम गर्दछु पारायण
हामी छौं पापी-पापिनी दुवै अज्ञानी बालक
तिमी छौ सृष्टि गरेर मास्ने जगत-पालक !

(१६४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदयबीच जमेको कालो पखाली जान्छौं पाप
फर्कन्छौ प्रभु ! जहाँ हो जाने नलिई पश्चात्ताप
यो काली नदी नुहाई वरी पवित्र बनेर
आएका हामी सुनौला चेतन ज्योति छौ भनेर ।

(१६५)

हे वज्रकीट ! हे मत्स्यमूर्ति ! शालिग्राम सिर्जन
बगुन्जेल काली सुवर्ण थाली सक्छ को बिर्सन
यहीं छ स्वर्ग यहीं छ नर्क यो धराधामै हो
यो स्वर्गभित्र रमाई खेल्छौ जन्मेको ठामै हो ।

(१६६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(छैटौं अध्याय)

आहा ! कस्तो दिव्य मूर्ति कल्ले भैंमा झान्यो ?
दासत्वको ऋण तिरी मुक्त जल्ले पान्यो
दुल्लुको त्यो पृथ्वीस्तम्भ दूरदर्शी राजा
छँदैछ यो कीर्तिमान नेपालमा ताजा ।

(१६७)

दायाँ लक्ष्मी ढुकुटीको दारिद्र्यता मास्ने
पृथिवीमा धनधान्य कला कीर्ति साँच्ने
त्यस्तो लक्ष्मी दायाँतिर लिदै मुक्ति बसे,
पृथिवीको भार तिर्न तारा यतै खसे ।

(१६८)

धन्य धन्य मुक्तिनाथ नारायणै साँचो
द्यौघाट्देखि उँभो लाग्यो विष्णुरूपी माछो
माछापुछ्रे चुली जत्रो माछो लाग्यो काली
छल्का काट्तै हल्का फाल्दै धौलागिरि काटी ।

(१६९)

त्यो माछोको हल्को–छल्को बाछिटाले पोती
किनाराका ढुंगा सबै चक्र पारी खोपी
द्यौतालाई थुन्ने जेल मिथिलामा बन्छ
गणेशको कथा पढे कल्ले हैन भन्छ ?

(१७०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by eGangotri. Funding: MIDF

उन्ले सारा कैद गरे तेत्तिसकोटि द्यौता
स्वयं विष्णु द्यौघाटको जंगलभित्र बसे
त्यतैबाट माछो बनी कालीभित्र पसे ।

(१७१)

मुक्ति ! तिम्रो वासस्थान शुभ्र हिमालय
सुनै–गजुर आकाश चुम्ने तिम्रो देवालय
बायाँमा छिन् सरस्वती वीणा लिने काख
मर्त्यलोकी मानवको खोलिदिने आँखा ।

(१७२)

लक्ष्मी धनसंपत्तिकी अधिष्ठात्री दानी
सरस्वती वाणी दिने महाविद्या खानी
भेद भाव केही छैन दुवै बराबरी
लक्ष्मी सरस्वती जोडी बुटी अजम्बरी ।

(१७३)

हामी ज्यानी दुई प्राणी दर्शन सकी उन्को
ढोकादेखि बाहिर निस्की मान्यौं तीन फन्को
अलि माथि उक्ली जाँदा मनाङ जाने घाँटी
शिखर-शिखर तेछैं जादां छैन बस्ने पाटी ।

(१७४)

यतैबाट मनाङ निस्की लम्जुङ घुमौं लाग्यो
कल्पनाले विश्व घुम्छ मनको चरा भाग्यो
भावुकतामा ज्यानै पनि फाल्ने हुन्छन् कवि
किन्तु म ता बाध्य थिएँ साथै थिइन् छवि ।

(१७५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मर्यादाको स्थिति लङ्घन गर्नु छैन कुनै
सिन्धु पनि बसेकै छन् सीमाबद्ध हुँदै
नेपालको धर्तीभित्र जन्म जैले लिएँ
गुरुजन माता पिता द्यौता मान्ने भएँ ।

(१७६)

सुन्दा सुन्दै गुन्दा गुन्दै लेख्तै आएको छु
संघर्षले बाधा विपद् टेक्तै आएको छु
दायाँपट्टि झुमा बस्थी बायाँतर्फ हामी
जल फल चढाएथ्यौं थर थर कामी ।

(१७७)

त्यहाँदेखि बाटो लाग्यौं ज्वाला माई महाँ
ढुंगा माटो पानीदेखि बत्ती बाल्थिन् जहाँ
प्रकृतिले देखाएको थियो आफ्नै छवि
चित्र खिच्न तहीं पुग्छ तिम्रो जनकवि ।

(१७८)

ऐले पूरै ढाक्किएको रैछ बल्दो ज्वाला
भोटे गाउँले भन्दो रैछ 'रिम्पोछे'को पाला
तल हेर्यौं माथि हेर्यौं हिमालको काख
एक-एक गन्दै जाँदा पूरै सय लाख ।

(१७९)

मुक्ति माईलाई ज्योति चढाइराखेका छन्
आफ्ना मनमा लुकाएका इच्छा भाकेका छन्
त्यहाँ देखि पाताल गंगातिर फर्किहाल्यौं
खानु खुट्नु केही छैन भोकै खुट्टा चाल्यौं ।

(१८०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पित्तलैको गजुर हाली बनाएको गुम्बा
तीनै आँखीझ्यालदेखि हेर्‍यौं चल्दा ज्वाला
उत्तरको ज्वाला छैन पाताल हेर्नुपर्छ
बाँकी दुइटा ज्वाला अझै चल्दै बल्दै गर्छ ।

(१८१)

बज्रपाणि भित्र थिए ती हुन् धर्मगुरु
स्थापित छन् ज्वालामाई भित्र शुरू शुरू
त्यहाँ पनि बत्ती बाल्ने भयो हाम्रो काम
गर्नुपर्ने कर्म सकी बस्यौं त्यही ठाम ।

(१८२)

भरत र मुक्ति गंगा, मायादेवी साथ
चना, भुजा चपाई बस्यौं सबै मुक्तिनाथ
पेट पूजा थोरै गर्‍यौं स्फूर्ति चढ्यो ज्यान
मस्तसँग सुत्ने मन भयो ज्वाला थान ।

(१८३)

अवतार नृसिंहको विष्णु भगवान
प्रल्हाद अघि खंबा फोरी प्रकटित जान
पढेकै छौं नृसिंह र प्रल्हादको कथा
एकादश औतारमा नृसिंह नै गाथा ।

(१८४)

किन्तु मुक्तिनाथभित्र मूर्ति नृसिंहको
देख्ता दोस्रो औतार झैं गुरु रिम्पोछेको
जीउ भने मानिसको सिंहको छ शिर
दाही जुँगा लतारेको लामा गुरु वीर ।

(१८५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तिनाथ मन्दिरमा ढाक्-पो-सेङ-दुङ युगी
नृसिंहको मूर्ति जेठो भन्छन् बौद्ध जोगी
नृसिंह हुन् बुद्ध तान्त्री परम्परादेखि
तिब्बतीय कलाकीर्ति लाखौं थाङ्का लेखी ।

(१८६)

बुद्धत्वले छोपिदिए ज्वालाजीको तन
कालान्तरमा बौद्धले नै यसो गरे भन
ज्वालामाई भन्नु चाहिँ खासै प्रकृति हुन्
ज्योति बाल्ने शक्ति दिने यिनै धरित्री हुन् ।

(१८७)

भन्नेहरू विज्ञानले पेट्रोलियम् माटो
बलेको हो तेल भन्छन्, बेग्लै हाम्रो बाटो
हाम्रो द्यौता पूर्वदेखि झिस्मिसेमा झुल्की-
राखेकै छन् नेपालमा अन्धकार कुल्ची ।

(१८८)

"कति यतै घोरिएको हिंडौं" भन्छिन् सेतू
मुक्तिनाथ-यात्रा छिटो टुङ्याउने हेतू
मुन्डा छाना गुम्बा साना ढुङ्गाको छ गारो
जोर बत्ती बलेकै छन् छुट्टचाउनै सारो ।

(१८९)

ज्वालाप्रति जनताको ज्यादै ठूलो भक्ति
माई जस्तो मुक्तिनाथ दिंदैनन् रे शक्ति
पढ्न थाल्छन् ह्योमोहरू बुद्ध धर्मग्रन्थ
लामा गुरुले नै फुकी दिए तन्त्रमन्त्र ।

(१९०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri Funding: MIDF

यौटा हात पुस्तक छ खड्ग अर्को हात
नृसिंहको गोम्पाभित्र नृसिंहको मूर्ति
दायाँ–बायाँ राम्रा देवी दुई मुखाकृति ।

(१९१)

यौटी छोरी भारतकी अर्की तिब्बतकी
खाडोयसे छोग्याला र मन्देरवा नामकी
वज्रभैरवको मूर्ति उग्ररूप कस्तो
गुरु ढाक्पो कालको नै आफैं स्वामीजस्तो ।

(१९२)

अढाइसय शताब्दीका प्राचीन छन् द्योता
मुक्तिनाथ हाताभित्र शिव–मन्दिर यौटा
रेसुङ्गाली महाप्रभु गौपूजक बाबा
शिव मन्दिर बनाइदिए छाना ठोकी ताँबा ।

(१९३)

विष्णुरूपी शालिग्राम राख्ने उन्को इच्छा
शिवालय बनाएछन् मागीजुगी भिक्षा
एवं रीत्ले बेनीदेखि मुक्तिनाथसम्म
पाटी पौवा मन्दिर र धर्मशाला टम्म ।

(१९४)

फलफूल बघैंचा र जून फुल्ने भीर
भेट्तै जानोस् शालिग्राम कालीगंगातीर
हिन्दू बौद्ध हातेमालो भैरहेको देख्ता
पाँच बजी सकेछ लौ यति कुरा लेख्ता ।

(१९५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्दाकिनी तल बगिन् कलकल गद
यो दिलको घैलाभित्र शान्ति रस भर्द
आरतीमा मन्दिरका घण्ट बजे साँझ
ज्योति तापी हामी निस्क्यौं तीर्थालुका माझ ।

(१९६)

रानीपौवा जीर्ण शीर्ण एक्लो थियो ठिङ्ग
मुक्तिनाथ होटल थियो रानीपौवा सङ्ग
न त सिधा मिल्थ्यो त्यहाँ न त सुत्ने ठाउँ
"मुक्तिनाथ होटलकै शरणमा जाऊँ ।"

(१९७)

भन्न थालिन् सुस्ताएकी सेतू मेरी रानी
उमालेरै खानुपर्ने थियो हिउँ–पानी
होटलको कोठा लियौं श्रेणी अनुसार
भोजन ता मिल्यो त्यहाँ भोटे–परिकार ।

(१९८)

ओल्लो कोठा हामी थियौं पल्लो कोठाभरी
को को थिए कुन्नि यात्री थिए थरी थरी
लमजुङे श्रीकान्त र भोजराज भन्ने
हंसपुरे यात्री थिए चिनिएका मान्ने ।

(१९९)

टिमुर र नूनसित उसिनेका आलु
खाँदै थिए खुशी हुँदै दुवै मित्र लालु
मुक्तिनाथ होटलमा बित्यो चौसो रात
मिर्मिरेमा उठी हिँडें म त सेतूसाथ ।

(२००)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओहालाको चिप्लो बाटो टेक्ने थियो लौरी
सानो हैन घर भन्नु संझिएर दौडी
एकै फट्को भने जस्तै काटि हाल्यौं खिङ्गा
बज्रकीट भन्दा पनि हामी बज्रठिङ्गा ।

(२०१)

मुक्तिक्षेत्र देखि हामी झर्दै थियौं तल
खानु प्यूनु केही छैन हिंड्नैको छ बल
भीष्मकान्त पत्नीसाथ हिंड्नै नसक्नाले
जोमसोम पुग्याइदिने घोडा पाउनाले ।

(२०२)

यौटा हात्ती भाडा तिरी ओलिंदै पो थिए
श्रीप्रसाद बूढा-बूढी पैदलैमा थिए
यौटा नाति आमैलाई डोकामाथि बोकी
झार्कोटको उकालामा हिँड्थ्यो घुँडा ठोकी ।

(२०३)

सेतै केश फुलेका छन् दुवै बूढाबूढी
डोको बोकी सुस्केरा ली काट्तै थिए टूँडी
"किन रोयौ बूढा बाबा चौतारीमा बसी ?"
"बाटो खर्च खसालेछु हुस्सू भएपछि ।"

(२०४)

यौटा गोडा छ खोरन्डो अर्को कानो आँखा
लठ्ठी टेकी उक्लेकै छन् मुक्तिजाने पाखा
नेपालको धर्ती रैछ स्वधर्मको गादी
बगेकै छन् तादी खोला बगेकै छन् मादी ।

(२०५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी झर्‍यौं फेदीतिर आयो एक्ले भाटी
कालो चिया पकाउँदथी भोटिनीकी लाटी
त्यहाँदेखि पनि चल्यौं काली नाला तरी
हाम्रो तीर्थ यात्रा आज भयो अजम्बरी।

(२०६)

झुम्सा बगर कालीछेउ सोध्छिन् सेतू "के त्यो ?"
"पूर्णकद प्रतिमा हो राजा वीरेन्द्रको"
मुस्ताङको मुकाम होला आयो भन्दै ढुक्क
बाङुल्की पो लाग्यो कस्को संझनाले कुक्क।

(२०७)

यता हेर्‍यो, उता हेर्‍यो दुर्गमै छ ठाउँ,
झिलिमिली बिजुली छ कल्ले भन्छ गाउँ
जोमसोम र ॐ सोमको ढिंडो कति मीठो
यात्रीलाई स्फूर्ति दिन्छ फापरको पीठो।

(२०८)

आलु खानुस् उसिनेका फापर खानुस् पीठो
उवाको छ एकै पाने सुरा पिउनोस् मीठो
भेडा च्याङ्ग्रा नढालेको दिनै छैन खाली
महँगी भो बडा दशैं भन्छे झुम्सावाली।

(२०९)

मानिसले द्यौतालाई देख्न ढिलो लाग्छ
एकान्तको शान्त दृश्य नाटक झैं भाग्छ
खेल्न थाल्छन् भावनामा उनै मुक्तिनाथ
शालिग्राम स्वरूपको दिव्य विष्णुगाथ।

(२१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी दुवै हंस जोडी आकाशमा उड्छौं
मुक्तिनाथ दर्शन गरी आफ्नो घर पुग्छौं
तीर्थयात्री ! विश्वास ली गरे धर्म कर्म
कठिन कुनै पर्ने छैन भव-सागर तर्न ।
(२११)

समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मुक्तिप्रसाद जोशी, धर्मराज थापा र भरतमान श्रेष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मायादेवी जोशी, सावित्री थापा र गङ्गा श्रेष्ठ

९२२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सान्दर्भिक-ग्रन्थ

१.	वराहपुराण	–	वेदव्यास
२.	गणेशपुराण	–	वेदव्यास
३.	मुक्तिक्षेत्र	–	शारदाप्रसाद दाहाल
४.	मुस्ताङ सन्देश	–	कर्मचारी मिलन केन्द्र, जोमसोम
५	भानुभक्तीय रामायण	–	भानुभक्त आचार्य
६	शालिग्राम रहस्य	–	मोहनमान शेरचन
७.	मुस्ताङ दिग्दर्शन	–	नारायणप्रसाद क्षेत्री
८.	कालीको लहर	–	धर्मराज थापा
९.	मेरो नेपाल भ्रमण	–	" "
१०.	गण्डकीका सुसेली	–	" "
११.	काली गण्डकी	–	माधव घिमिरे
१२.	हिमवत् खण्ड	–	योगी नरहरिनाथ
१३.	रूरू गौरव	–	माधवप्रसाद देवकोटा
१४.	सेती महाकाली अञ्चल दिग्दर्शन	–	पूर्णप्रकाश नेपाल 'यात्री'
१५.	हरिस्तुति	–	बदरीनाथ भट्टराई
१६.	मेचीदेखि महाकालीसम्म	–	प्रचार विभाग
१७.	कर्णाली लोकसंस्कृति	–	सत्यमोहन जोशी
१८.	मानसरोवरमा डुबुल्कीमार्दा	–	काजी रोशन
१९.	कर्णालीको अथ इति	–	रत्नाकर देवकोटा
२०.	भिजिनेट अफ नेपाल	–	डा. हर्क गुरुङ
२१.	हुम्ला बोल्छ मानसरोवरमा	–	देवीचन्द्र श्रेष्ठ
२२.	खस संस्कृतिः एक छलफल	–	बालकृष्ण पोखरेल
२३.	पुराना कवि र कविता	–	इतिहासशिरोमणि बाबुराम आचार्य
२४.	डाँफेचरी	–	२०१० द्वैमासिक पत्रिका फूल ३+४
२५.	उखान टुक्का गाउँखाने कथा	–	कृष्णप्रसाद परजुली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मराज थापाका प्रकाशित कृति



१. रत्न जुनेली
२. वनचरो
३. पहाडी संगीत
४. कालीको लहर
५. बिलौना
६. कोसेली
७. तिलोत्तमाको भेल
८. मञ्जुली कुसुम (मदन पुरस्कार प्राप्त)
९. सगरमाथाको सेरोफेरो
१०. मेरो नेपाल भ्रमण
११. लोकसंस्कृतिको घेरामा लमजुङ
१२. रानीपोखरा
१३. पृथिवीको दिव्य अर्ती
१४. हिमालको आँसु
१५. श्री ५ महेन्द्रको सवाइ
१६. गण्डकीका सुसेली
१७. दिव्य चौतारी
१८. निर्वाचन लहर
१९. गोल सिमल

प्रकाशोन्मुख

२०. चितौन दर्पण
२१. तनहुँ फूलबारी
२२. नल-दमयन्ती
२३. दुर्गासप्तशती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu